# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर,प्यूठान
लुम्बिनी प्रदेश , नेपाल

मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail{ info@mandavimun.gov.np
mandavimun2073@gmail.com


## सेवा करारमा पदपूर्तिको लागि दरखास्त आव्हानको लागि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/०६/२५**

प्रस्तुत विषयमा माण्डवी गाउँपालिकाको मिति २०७८/०६/०८ गते बसेको गाउँ कार्यपालिकाको निर्णय अनुसार यस गाउँपालिका अन्तर्गत रहेको भवानिश्वरी आ.वि.जस्पुर र कृष्ण आ.वि मार्सीबाङ्गको लागि कम्प्युटर विज्ञान विषय र सरस्वती प्रा.वि. मुकचौरको लागि प्रा.वि. तह शिक्षक आवश्यकता परेको हुँदा तपशिल अनुसारको पदमा खुल्ला प्रतियोगितात्मक लिखित परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक, योग्य, दक्ष नेपाली नागरिकहरु बाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही सूचना प्रकाशन भएको मितिले पन्ध्र (१५) दिन भित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा रितपुर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।दरखास्त फारम यस कार्यालयको वेबसाइट www.mandavimun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

तपशिल

१. पदको विवरण

| सि.नं. | विज्ञापन नं . | पद | तह | विषय | पद संख्या | परिक्षा दस्तुर(.रु) |
|---|---|---|---|---|---|---|
| ०१ | १३/०७८/७९ | शिक्षक | नि.मा.वि | कप्यूटर विज्ञान | २ | ७००/- |
| ०२ | १४/०७८/७९ | शिक्षक | प्रा.वि. | - | १ | ५००/- |

२.आवश्यक न्युनतम शैक्षिक योग्यता :

*कम्प्युटर विज्ञान बिषयको लागिः* नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विज्ञान विषय लिई आई.एड/+२ उत्तीर्ण गरेको वा कम्प्युटर इन्जिनियरिङ बिषयमा डिप्लोमा कोर्ष उत्तीर्ण गरेको वा +२ उत्तीर्ण गरि कम्प्युटर सम्बन्धि १ बर्षे डिप्लोमा कोर्ष गरेको

*प्रा.वि तहको लागिः* नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट आइ.एड वा सो सरह उत्तीर्ण गरेको ।

३. आवश्यक कागजात (क) नेपाली नागरिकताको प्रमाण पत्र ख) हालसालै खिचिएको पासपोर्टसाइजको ३ प्रति फोटो (ग) शैक्षिक योग्यताको प्रमाणपत्रहरु घ) अध्यापन अनुमति पत्र ङ) अनुभवका प्रमाणपत्रहरु च) दरखास्त दस्तुर बुझाएको नगदी रसिद उल्लेखित प्रमाण-पत्रका प्रतिलिपिहरू २ प्रति स्वयं प्रमाणित गरि दरखास्त साथ यस गाउँपालिकाको कार्यालयमा उपस्थित भई पेश गर्नुपर्नेछ ।

४. परीक्षाको किसिम : लिखित र अन्तरवार्ता ।

५. उमेर हद : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

६. दरखास्त दिने अन्तिम मितिः २०७८/०७/०८ गते सम्म सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन ।

७.सम्पर्क मिति : २०७८/०७/०९ गते, लिखित परिक्षाको मिति सम्पर्क मितिमा तोकिनेछ ।

८. तलब स्केल :गाउँपालिको नियम अनुसार ।

९. करार अवधि :२०७८ पौष मसान्त सम्म ।

१०. परीक्षाको पाठ्यक्रमः शिक्षक सेवा आयोगको नयाँ पाठ्यक्रम अनुसार हुनेछ ।

११.थप जानकारीको लागि सम्पर्क नं :.९८५७८३६००६ वा ९८४७८५१४०२ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

शिशिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत